मितिः २०८३/०७/१७
बैठक संख्याः ०४

रासी गाउँ कार्यपालिकाको २०८३ कार्तिक १७ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः

क सं	प्रस्तावहरु	निर्णय हुनुपर्ने विषय
१.	अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।	आ.व. २०८३/०८४ को तेस्रो गाउँकार्यपालिका बैठकका निर्णयहरुको समिक्षा गर्ने ।
२.	बैदेशिक अध्ययन/तालिम/भ्रमण कार्यक्रममा मनोनयन गरी पठाउने सम्बन्धमा ।	JICA जापान को आयोजनामा जापानको टोकियोमा आयोजना हुने तालिम कार्यक्रममा स्वास्थ्य शाखा प्रमुखलाई मनोनयन गरि पठाउने ।
३.	सडक बोर्ड नेपालको आ.व. २०८३/०८४ को बजेट स्वीकृति सम्बन्धमा ।	सडकबोर्ड नेपालको च.नं २५८ मिति २०८३/०६/१९ को पत्रानुसार सडकवोर्ड नियमावली २०६० को परिच्छेद ३(९) तथा उल्लेखित मार्गदर्शत वमोजिम व्यहोर्नुपर्ने समपुरक कोष समावेश गरी सहमतिको लागि पेश गर्ने ।
४.	रासी चेम्बर अफ कमर्स लाई मेला/महोत्सव सञ्चालनको लागि अनुमति सम्बन्धमा ।	रासी चेम्वर अफ कमर्स दाङको च. नं. ०२ मिति २०८३/०४/११ गतेको पत्रानुसार कृषि, व्यापार तथा पर्यटन मेला २०८३ को आयोजना गर्न लागेकोमा स्थान स्वीकृति/अनुमतीको लागि अनुरोध भई आएकोले उपयुक्त स्थान छनौट गरी अनुमति प्रदान गर्ने ।
५.	कार्यविधिहरु स्वीकृत सम्वन्धमा ।	रासी गाउँपालिकाको शिक्षक वैङ्क कार्यविधि २०८३ स्वीकृत गर्ने । रासी गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत किशोरकिशोरीलाई आत्मरक्षा तालिम दिन प्रशिक्षक छनोट तथा पारिश्रमिक भुक्तानीसम्बन्धी कार्यविधि, २०८३
६.	LoCAL अन्तर्गतका योजना संचालन सम्वन्धमा ।	खुरुरिया खानेपानी योजना वडा नं ३ संचालनको लागि सिरिचौर खानेपानी तथा सरसफाई उपभोक्ता समिति रासी गा.पा.३, सिरिचौर बाट विस्तार गर्ने गरी र वाउन्नेपाटा खानेपानी योजना वडा नं २ योजना संचालनको लागि विस्तृत परियोजनाम प्रतिवेदन सहित प्रकृया अगाडी बढाउने ।
७.	विविधः (क) आर्थिक सहयोग सम्वन्धमा । (ख) कार्यक्रम संचालन तथा रकम बाँडफाँड सम्वन्धमा । (ग) साझेदारीमा कार्यक्रम संचालन सम्वन्धमा । (घ) आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक प्रगति समिक्षा र पहिलो चौमासिक सार्वजनिक सुनुवाईको लागि मिति र समय र स्थान तय गर्ने सम्वन्धमा । (ङ) विधुत पोल ढुवानी सम्वन्धमा । (च) पर्खाल व्यवस्थापनको लागि सहमति प्रदान गर्ने सम्वन्धमा । (छ) एन्टि नार्कोटिक्स फाउन्डेसन नेपालको लागि आर्थिक सहयोग सम्वन्धमा ।	

मितिः २०८३/०७/१७
बैठक संख्याः ०४

२०८३ कार्तिक १७ गतेको कार्यपालिका बैठकका निर्णयहरुः

१. आ.व. २०८३/०८४ को तेस्रो गाउँकार्यपालिका बैठकका निर्णयहरुको समिक्षा गरियो।

२. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सिंहदरवार, काठमाडौंको च.नं. ९१६, मिति २०८३ असोज २३ गते तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रासी उपत्यका, दाङको च.नं. क.प्र./१०९१ को वैदेशिक भ्रमण कार्यक्रममा मनोनयन गरी पठाउने सम्वन्धको पत्र वमोजिम JICA जापान को आयोजनामा जापानको टोकियोमा २६ जनवरी २०२७ देखि ६ फेब्रुअरी २०२७ सम्म आयोजना हुने तालिम कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख श्री नारायण राउतलाई मनोनयन गरि पठाउने ।

३. सडकबोर्ड नेपालको च.नं २५८ मिति २०८३/०६/१९ को पत्रानुसार सडकबोर्ड नियमावली २०६० को परिच्छेद ३(९) तथा उल्लेखित मार्गदर्शन वमोजिम व्यहोर्नुपर्ने समपुरक कोष समावेश गरी सहमतिको लागि पेश गर्ने । **संघ प्रदेश तथा अन्य विकास साझेदार संग पूर्वाधार निर्माण साझेदारी** शिर्षकमा विनियोजित रकमबाट रु ४ लाख साझेदारी रकम खर्च हुने गरी तपसिल वमोजिमका योजना प्राथमिकरण तथा प्राविधिक लागत अनुमानको आधारमा योजना स्वीकृत गरी सहमतिको लागि पठाउने ।

तपसिलः

- ✓ लालमटिया पूर्व न्यौपाने गल्ली कालोपत्रे सडक मर्मत वडा नं २
- ✓ मसुरिया वड्का गल्ली कालोपत्रे सडक मर्मत वडा नं ३
- ✓ रासी चक्रपथ दक्षिण खण्ड कालोपत्रे सडक मर्मत

४. रासी चेम्वर अफ कमर्स दाङको च. नं. ०२ मिति २०८३/०४/११ गतेको पत्रानुसार कृषि, व्यापार तथा पर्यटन मेला २०८३ को आयोजना गर्न लागेकोमा मिति र स्थान स्वीकृतिको लागि अनुरोध भई आएकोले रासी गाउँपालिका वडा नं २ स्थित लालमटिया टुँडीखेलमा संचालन गर्न अनुमति प्रदान गर्ने ।

५. रासी गाउँपालिकाको तपसिल वमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने ।

- ✓ रासी गाउँपालिकाको शिक्षक वैङ्क कार्यविधि २०८३ ।
- ✓ रासी गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत किशोर किशोरीहरुको लागि आत्मरक्षा तालिम संचालन गर्न प्रशिक्षक छनौट तथा पारिश्रमिक भुक्तानी सम्वन्धि कार्यविधि, २०८३ ।

६. रासी गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा LoCAL अन्तर्गत छनौट भएका कार्यक्रममध्ये **खुरुरिया खानेपानी योजना वडा नं ३** संचालनको लागि सिरिचौर खानेपानी तथा सरसफाई उपभोक्ता समिति रासी गा.पा.३, सिरिचौर बाट विस्तार गर्ने गरी र **वाउन्नेपाटा खानेपानी योजना वडा नं २** योजना संचालनको लागि विस्तृत परियोजनाम प्रतिवेदन तयारी सहित प्रकृया अगाडी बढाउने । विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी गर्दा LoCAL कार्यक्रमसंग सम्वन्धित परामर्श सेवा शिर्षकबाट खर्च हुने गरी प्रकृया अगाडी बढाउने ।

७. विविध विषयहरुः

(क) रासी गाउँपालिकाका तपसिलका आर्थिक अवस्था कमजोर भएका, विपदमा परी भौतिक क्षति भएका परिवार, व्यक्ति र संस्थाहरुलाई आर्थिक सहयोग गर्ने ।

- ✓ रासी गा.पा. वडा नं. ८ निवासी आशा थापा मगर/ प्रेम बहादुर थापाको घरमा आगलागी भई घर पूर्ण रुपमा क्षती भएकोले निजलाई रु २५ हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने।
- ✓ रासी गा.पा. वडा नं. ४ निवासी बसन्ता गिरीको घर बर्षाको कारण क्षती भएकोले निजलाई रु ८ हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने।
- ✓ रासी गा.पा. वडा नं. ४ निवासी सतिराम चौधरीको घर घर बर्षाको कारण क्षती भएकोले निजलाई रु ८ हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने।

मितिः २०८३/०७/१७
बैठक संख्याः ०४

(ख) रासी गाउँपालिकामा आ.व. २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रममा विनियोजित योजना तथा कार्यक्रमहरु तपसिल वमोजिम शिर्षक परिवर्तन/विनियोजन गरी संचालन गर्ने ।

✓ वडा नं ६ मा **"खेलकुद व्यवस्थापन"** शीर्षकमा विनियोजित कुल रु. ३ लाख रकमबाट तपसिलका खेलकुद कार्यक्रम संचालनको लागि रकम बाँडफाँड गर्ने ।

तपसिलः

- वडास्तरीय फुटवल र भलिवल प्रतियोगिताः रु २ लाख ।
- खेलमैदान मर्मत तथा कोर्ट निर्माणः रु ५० हजार ।
- पालिका कप खेलकुदको लागि खेलाडी यातायात तथा खाजा/खानाको व्यवस्थापनः रु ५० हजार ।

✓ रासी गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रममा शिक्षा शाखा तर्फ मुक्त कमैया कमलहरी बालबालिकाका लागि कम्प्युटर डिप्लोमा कोर्ष शिर्षकमा रु ५ लाख विनियोजन भएकोमा उक्त कोर्षको अवधि धेरै हुने र तोकिएको समयअवधि(यस आ.व. भित्र) कोर्ष पूर्ण नहुने भएकोले शिर्षक परिवर्तन कमलहरी बालबालिकाका लागि कम्प्युटर एडभान्स कोर्स कायम गर्ने र आवश्यक प्रकृया अगाडी वढाउने।

✓ आ.व. २०८३/०८४ मा पचास प्रतिशत अनुदानमा गहुँको विउ वितरण कार्यक्रम संचालन गर्दा सो कार्यक्रम लेसेस मार्फत भएकोले कुल खरिद मूल्य रु ८८ मध्ये रु.१२ प्रदेश सरकारले अनुदान दिने र बाँकी रकम रु ७६ को पचास प्रतिशत कृषक र पचास प्रतिशत गाउँपालिकाले व्यहोर्ने तथा खरिद भएको विउ भन्दा किसानको माग थप भएकोले विना लेसेस खरिद गर्दा प्रदेश सरकारले अनुदान नदिने भएकोले सोही बजेटबाट गहुँको विउ खरिद गर्दा कुल खरिद मूल्यको पचास प्रतिशत कृषकले र वाँकी पचास प्रतिशत गाउँपालिकाले व्यहोर्ने गरी विउ खरिद गरिएकोमा अनुमोदन/समर्थन गर्ने ।

✓ आ.व. २०८३/०८४ मा रासी गाउँपालिका भित्र संचालन हुने राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम रासी गाउँपालिका वडा नं २ स्थित श्री आदर्श माध्यमिक विद्यालयको आयोजनामा मिति २०८३ मंसिर १०,११ र १२ गते उक्त विद्यालयमा नै संचालन गर्ने ।

(ग) रासी गाउँपालिकामा आ.व. २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रममा वडा नं ९ कार्यालय तर्फ विनियोजित तपसिल वमोजिमका योजना र उक्त वडामा साझेदारीमा संचालन गर्न नामसालिङ द्धारा विनियोजित योजनाहरु तपसिल वमोजिम साझेदारीमा संचालन गर्न प्रकृया अगाडी बढाउने ।

क्र सं	योजनाको नाम	नामसालिङबाट विनियोजित रकम	गाउँपालिकाबाट साझेदारी	वडा कार्यालयबाट साझेदारी	कुल बजेट
१	चिउरी मुहानबाट रुपाकोट लिफ्ट खा.पा.	२००००।	१००००।	-	३००००।
२	बाउरी सिचाई योजना	२००००।	१००००।	-	३००००।
३	जलुके खानेपानी तथा सिचाई योजना	२००००।	१००००।	-	३००००।
४	चन्दौली सिँचाई बाँध निर्माण	१००००।	-	२५०००।	३५०००।
५	फूलवारी सिँचाई योजना	३००००।	-	३००००।	६००००।

६	छुचुन्द्रेखोला सिँचाई बाँध निर्माण	१०००००	-	१०००००	२०००००
७	नयाँगाउँ छुचुन्द्रे कुलो मर्मत	२०००००	-	२०००००	४०००००

(घ) रासी गाउँपपालिकाको आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक प्रगति समिक्षा मिति २०८३ मंसिर ११ गते विहान ७.३० बजे गाउँपालिकाको सभाहलमा संचालन गर्ने र आ.व. २०८३/०८४ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८३ मंसिर १६ गते दिनको ११.०० बजे वडा नं ९ कार्यालयमा गर्ने ।

(ङ) वडा नं ५ र वडा नं ९ का विभिन्न स्थानहरुमा विधुत पोल ढुवानीको लागि टेक्टर भाडामा लिन सम्वन्धित वडा कार्यालयको सिफारिसको आधारमा अन्य भाडा शिर्षकबाट खर्च हुने गरी सम्झौता गर्ने ।

(च) रासी गाउँपालिका वडा नं २ स्थित श्री आदर्श नमुना माध्यमिक विद्यालयको च.नं. ७६, मिति २०८३/०६/२३ गतेको पत्रानुसार, उक्त विद्यालयको परिसरभित्र मैदानको विचमा रहेको पूर्व-पश्चिम जिर्ण पर्खाल जोखिमपूर्ण अवस्थामा रहेकोले विद्यालयमा सुरक्षा जोखिम उत्पन्न गरेको साथै २०८३/०६/२७ गतेको अभिभावक भेला तथा मिति २०८३/०६/२२ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार पर्खाल भत्काई व्यवस्थापन गर्न आवश्यक भएको भनि जिर्ण पर्खाल व्यवस्थापनको अनुमति माग भएकोमा यस रासी गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८३/०७/१७ को निर्णयबाट सिफारिस भई आएको तथा प्राविधिक प्रतिवेदन समेत प्राप्त भएकोले उक्त पर्खाल व्यवस्थापनको लागि अनुमति प्रदान गर्ने ।

(छ) एन्टि नार्कोटिक्स फाउन्डेसन नेपाल, गढवा गाउँपालिका वडा नं ३, दाङले सुधारगृह संचालन गरी रासी गाउँपालिकाभित्रका लागुऔषध दुर्व्यसनिमा फसेका विरामिहरुलाई निशुल्क तथा छुटमा उपचार गर्दै आएकोले रासी गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत बार्षिक बजेट तथा **कार्यक्रममा मध्यपान, धुम्रपान तथा लागुपदार्थ दुर्व्यसनी, बाल विवाह न्युनिकरण सम्वन्धि सचेतनामुलक कार्यक्रम** शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी रु १ लाख रुपैयाँ आर्थिक सहयोग उपलव्ध गराउने ।

(ज) रासी गाउँपालिका वडा नं. ७ को अर्नहानपुर टोलमा परम्परादेखि चलिआएको परम्परागत धार्मिक तथा साँस्कृतिक रामघाट मेला यही मिति २०८३ साल कार्तिक ७ गतेदेखि १० गतेसम्म सञ्चालन गर्ने भनी मिति २०८३/०७/१७ गतेको गाउँ भेलाबाट निर्णय भई वडा नं. ७ को वडा कार्यालयको च.नं. ४७०, मिति २०८३/०७/१७ को सिफारिससहित अनुरोध भई आएको हुँदा, सो मेलाको धार्मिक, साँस्कृतिक तथा सामाजिक महत्त्वलाई समेत दृष्टिगत गरी उक्त मेला सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

(झ) वर्षाको समयमा वाटो मर्मतसम्भारको लागि लेन्थवर्करको व्यवस्थापन गरी मर्मतको कार्यहरु गरिएका वडाहरुमा १ महिनाको अवधिभर लेन्थवर्कर खटाईएकोमा वर्षा ढिला भएको कारण २ महिनाको लागि व्यवस्थापन गरिएकोले प्राविधिक लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन, हाँजिरी र वडाको सिफारिसको आधारमा सो अवधिभरको कामको भुक्तानी प्रकृया अगाडी वढाउने ।